बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मानभवन, ललितपुर, नेपाल।

## प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम र राष्ट्रिय खाद्य सुरक्षा मिशन (रैथाने बाली प्रवर्द्धन कार्यक्रम) कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं:४/२०७९/८०

प्रथम पटक प्रकाशित मिति :- २०७९/०६/२६

कृषि ज्ञान केन्द्र, ललितपुरको आ.ब. २०७९/८०, कृषि विभाग संघ शसर्त अनुदान कार्यक्रम तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको लागि "प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५" र "रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५" ले तोकेको शर्तहरु पालना गर्ने गरि साझेदारिमा कार्य गर्न काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका इच्छुक आवेदक या प्रस्तावकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (मिति २०७९/०७/२४ गते) भित्र कार्यालय समयमा तोकीएको कागजातहरु सम्लग्न गरी प्रस्ताव / आवेदन दर्ता गर्न हुन सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरीएको छ ।

१. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | साझेदार संस्था | प्रति प्रस्ताव अधिकतम अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक उत्पादनका लागि प्लाष्टिक घर निर्माण/ बिस्तार (जि.आई. पाईपमा Naturally Ventilated/ Poly House/ Net House वा अन्य आधुनिक प्रबिधिको प्लाष्टिक हाउस) अनुदान | संख्या | ४ | कृषक समूह/ कृषि सहकारी/ कृषि फर्महरु | ४,००,००० | ५०% अनुदान |
| २ | एकल फर्मको लागि खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" अनुदान | संख्या | ३ | कृषक समूह/ कृषि सहकारी/ कृषि फर्महरु | १,००,००० | ५०% अनुदान |
| ३ | भर्मी कम्पोष्ट मल बनाउन भर्मीसेड निर्माण | संख्या | १५ | कृषक समूह/ कृषि सहकारी/ कृषि फर्महरु | १०,००० | ५०% अनुदान |
| ४ | प्राङ्गारिक कृषि उपजका लागि प्रतिफलमा आधारीत प्रोत्साहन अनुदान | रोपनी | ३५ | कृषक समूह/ कृषि सहकारी/ कृषि फर्महरु | २,००० प्रति रोपनी | ५०% अनुदान |

२. राष्ट्रिय खाद्य सुरक्षा मिशन (रैथाने बाली प्रवर्द्धन कार्यक्रम) कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | साझेदार संस्था | प्रति प्रस्ताव अधिकतम अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ८५% अनुदानमा थ्रेसिङ्ग मेशिन उपलब्ध गराउने | संख्या | १० | सामुदायिक बीउ बैंक व्यवस्थापन समिति कृषक समूह, कृषि सहकारी तथा यस कार्यक्रमसँग सम्वन्धित उद्यमी, व्यसायीहरु | ७५,००० | ८५% अनुदान |
| २ | रैथाने बालीको प्याकेजिङ्ग र लेवलिङ्गमा शत प्रतिशत अनुदान | पटक/ संख्या | ४ | | २,००,००० | १००% अनुदान |
| ३ | उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा ५० प्रतिशत अनुदान सहयोग | सेट | ४ | | २,००,००० | ५०% अनुदान |
| ४ | रैथाने बालीका उत्पादन विक्री कक्ष निर्माणका लागि ८५ प्रतिशत अनुदान सहयोग | संख्या | २ | | २०,००,००० | ८५% अनुदान |

नोट :- यस सूचना सम्बन्धि थप जनकारिको लागि कृषि ज्ञान केन्द्र, ललितपुरको फोन नं. : ०१-५५५६०३७/ ५५३४६१६/ ५५३४५७३ मा सम्पर्क राख्न हुन वा Website:- **www.lalitpur.akc.gov.np** र कार्यालयको फेस बुक पेज:- कृषि ज्ञान केन्द्र, ललितपुर बाट पनि विस्तृत जानकारी लिन र प्रस्ताव / आवेदन दर्ता गर्न आवश्यक पर्ने कागजात तथा प्रस्ताव पत्रको नमुना डाउनलोड गर्न सकिने छ ।

नारायण कुमार श्रेष्ठ
प्रमुख (अधिकृत स्तर दशौं)